# मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड

बागबजार, काठमाडौं

# सातौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

## १. पृष्ठभूमिः

मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८३/०२/१८ मा बसेको ११४ औं बैठकको निर्णय अनुसार कम्पनीको सातौं वार्षिक साधारण सभा मिति २०८३/०३/१३ गते शनिवारका दिन होटल हार्दिक, बागबजार, काठमाडौंमा विहान ११:३० बजे बस्ने गरी मिति २०८३/०२/२२ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी साधारण सभाको बैठक बोलाइएको थियो । उक्त दिन साधारण सभामा सञ्चालक समितिका कार्यकारी अध्यक्ष डा.श्री डम्बर बहादुर नेपालीको अध्यक्षतामा सञ्चालक समितिका सदस्यहरू, शेयरधनी महानुभावहरू, आमन्त्रित महानुभावहरू तथा कम्पनीका पदाधिकारीहरूले आसन ग्रहण गर्नु भएपछि सभा अध्यक्षको अनुमति लिई सातौं वार्षिक साधारण सभाको कार्यक्रम प्रारम्भ भएको थियो । वार्षिक साधारण सभा उक्त दिन विहान ११:३० बजे शुरु भई अपरान्ह २:०० बजे समापन भएको थियो ।

### (क) साधारण सभासम्बन्धी सूचनाः

कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम साधारण सभाको सूचना र सभामा छलफल हुने प्रस्तावहरूको सूची सहित शेयरधनीहरूको जानकारीको लागि मिति २०८३/०२/२२ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको र पुनः दोश्रो पटक मिति २०८३/०३/०२ गते सम्पूर्ण शेयरधनी महानुभावहरूको मोबाइल नम्बरमा म्यासेज प्रवाह गरी जानकारी गराईएको थियो । साधारण सभाको सम्बन्धमा यथासमयमै कम्पनी रजिष्ट्रारको कार्यालय र अन्य सरोकारवाला संस्थाहरूलाई पत्र मार्फत जानकारी गराई साधारण सभामा आमन्त्रण गरिएको थियो ।

### (ख) उपस्थितिः

(अ) सञ्चालक समितिः

| | |
|---|---|
| डा. श्री डम्बर बहादुर नेपाली | -कार्यकारी अध्यक्ष |
| श्री उपेन्द्र देव भट्ट | -सञ्चालक |
| श्री कुमार प्रसाद ओझा | -सञ्चालक |
| श्री बाल कुमार श्रेष्ठ | -सञ्चालक |
| श्री कृष्ण प्रसाद अधिकारी | -सञ्चालक |
| श्री बलराम के.सी. | -सञ्चालक |
| श्री राम सुन्दर श्रेष्ठ | -कम्पनी सचिव |

आमन्त्रितः

श्री शर्मिला खतिवडा, प्रतिनिधि-कम्पनी रजिष्ट्रारको कार्यालय

डा. श्री सन्तोषानन्द मिश्र, अध्यक्ष-नेपाल विद्युत प्राधिकरण पूर्व कर्मचारी समाज

श्री दिनेश विक्रम थापा, अध्यक्ष- सार्वजनिक संस्था पूर्व कर्मचारी संस्था नेपाल

(राम सुन्दर श्रेष्ठ)
कम्पनी सचिव

(आ) शेयरधनीहरू:

कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप संस्थापक शेयरधनीहरूलाई छुट्याइएको शेयर मध्ये कम्पनी स्थापनाकाल देखि आर्थिक वर्ष २०८०/८१ सम्म ६ वर्षको अवधीमा शेयरधनी दर्ता किताव र कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएका ६०० जना शेयर लगानीकर्ताहरूबाट जम्मा ८,९१,४९३ कित्ता शेयर वापत प्रति कित्ता शेयर रु.१००/- का दरले हुने जम्मा रु. ८,९१,४९,३००/- मात्र चुक्ता पूंजिमा लेखांकन भएको हुँदा सो मध्ये देहाय बमोजिम साधारण सभामा शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरूको उपस्थिति रहेको थियो।

-स्वयं उपस्थित शेयरधनी-१३० जना

-प्रतिनिधि मार्फत उपस्थित-१० जना

(ग) **गणपुरक संख्या:**

| विवरण | उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| | कुल संख्या | शेयरधनी प्रतिनिधि | |
| शेयरधनीहरू | ६०० | १४० | २३.३३% |
| शेयर संख्या | ८,९१,४९३ | ४,६६,४२० | ५२.३१% |

२. **सभाको बैधानिकता:**

कम्पनीको मिति २०८३/०२/१८ मा बसेको ११४ औं बैठकको निर्णय अनुसार मिति २०८३/०३/१३ गते शनिवारका दिन सातौं वार्षिक साधारण सभा बस्ने गरी मिति २०८३/०२/२२ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा र पुनः दोश्रो पटक मिति २०८३/०३/०२ गते सम्पूर्ण शेयरधनी महानुभावहरूको मोवाइल नम्बरमा म्यासेज प्रवाह गरी बोलाइएको उक्त साधारण सभामा कम्पनीको नियमावलीको नियम २३मा भएको व्यवस्था बमोजिम आवश्यक गणपुरक संख्या ५१% भन्दा बढी शेयरधनीहरूको उपस्थिति रहेकोले साधारण सभा संचालन गर्नका लागि निर्दिष्ट गणपुरक संख्या पुगेको जानकारी गराउंदै कम्पनी सचिवले सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो। यसरी शेयरधनीहरूको आवश्यक गणपुरक संख्या पुगेको हुँदा साधारण सभा रित पूर्वत बोलाइएको ठहर गरी विधिवत साधारण सभाको कार्वाही अगाडी बढाउने निर्णय भयो।

३. **साधारणसभामा पेश भएका प्रस्तावहरू:**

साधारण सभामा छलफल तथा निर्णयका लागि सञ्चालक समितिमा एक जना स्वतन्त्र सञ्चालकको नियुक्ति सहित निम्नानुसार ५ वटा सामान्य प्रस्तावहरू तथा २ वटा विशेष प्रस्तावहरू सहित सूचना प्रकाशित भएको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो।

**सामान्य प्रस्तावहरू:**

१. सञ्चालक समितिको तर्फबाट कार्यकारी अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने।

३. आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने।



(राम सुन्दर [illegible])
कम्पनी [illegible]

४. कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीको नियम २९ बमोजिम स्वतन्त्र सञ्चालकका नियुक्ति सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५. सञ्चालक समितिको निर्णयानुसार एक जना सञ्चालकलाई कम्पनीको पूर्णकालिन समय काममा लगाए वापतको पारिश्रमिक अनुमोदन गर्ने ।

६. विविध।

**विशेष प्रस्ताव:**

१. कम्पनीको नियमावलीका नियम २५, २७ र ३१ मा कम्पनी ऐन, २०६३ अनुकूल हुने गरी संशोधन गर्ने ।

२. कम्पनीको प्रवर्धनमा निर्माण हुने आयोजनाको वित्तीय व्यवस्थापनको लागि बैंकबाट दीर्घकालिन ऋण लिई वित्तीय व्यवस्थापन गर्ने सम्बन्धमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

## ४. सभा संचालन तथा प्रस्ताव उपर छलफल:

विषयसूची अनुसार सभाको कार्यक्रम सञ्चालन भएपछि अध्यक्ष डा. श्री डम्बर बहादुर नेपालीलाई सञ्चालक समितिको तर्फबाट कम्पनीको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्न अनुरोध गरियो ।

तत्पश्चात सञ्चालक समितिका अध्यक्ष एवं साधारण सभाका सभाअध्यक्ष डा. श्री डम्बर बहादुर नेपालीले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई स्वागत गर्दै कम्पनीको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरूलाई उक्त वार्षिक प्रतिवेदन तथा उहाँहरूलाई उपलब्ध गराइएको आ.व.२०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको आर्थिक विवरणमा आफ्नो राय, प्रतिकृया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफलको लागि शेयरधनीहरूलाई अनुरोध गरिएको थियो । यसरी राय प्रतिकृया र सुझावका लागि अनुरोध गरिएपछि निम्न १० जना शेयरधनीहरूले राय सुझाव र प्रतिकृया राख्नु भएको थियो:

(क) **श्री दिनेश कार्की:**

कम्पनीको आर्थिक प्रशासन विनियमावली, २०८१ मा भएको व्यवस्था अनुसार सञ्चालक समितिलाई प्रदत्त विशेष अधिकार प्रयोग गरी बोलपत्र सम्बन्धी सूचना प्रकाशित नगरी माग गरिएका आर्थिक तथा प्राविधिक प्रस्तावहरू रद्द गर्न ७ महिना ढिलाई गर्दा आयोजना निर्माण सम्पन्न हुने मिति निश्चित हुन नसकेको तर्फ गुनासो राख्नु भयो ।

(ख) **श्री जनार्दन कट्टेल:**

कम्पनीबाट प्रस्तुत आर्थिक विवरणको प्रशासनीक खर्च तर्फ र सोही विवरणको अर्को तर्फ उल्लिखित बैठक भत्ताको अकमा फरक उल्लेख हुनुको कारण सम्बन्धमा आफ्नो जिज्ञासा राख्नु भयो ।

साथै, कम्पनीमा प्रमुख कार्यकारी अधिकृत लगायत योग्य तथा वरिष्ठ कर्मचारी नियुक्ति गर्नु पर्दा बाह्य प्रभाव तथा दबाबबाट मुक्त हुनु पर्ने । सञ्चालकहरूले पूर्णकालिन समय काम गर्ने नियमानुसार नमिल्ने भएकोले सुधार गर्नु पर्ने धारणा पनि राख्नु भयो ।

(ग) **श्री बद्री खत्री:**
कम्पनीले आयोजना निर्माणको लागि जग्गा खरिद गर्दा पारदर्शिता अपनाउन सुझाव दिनु भयो।

(घ) **श्री केदार नाथ गौतम:**
आयोजना निर्माणस्थलको भ्रमणबाट आफु चाँडै आयोजना निर्माण सम्पन्न हुने कुरामा आशावादी भएको हुँदा नियमानुसार प्रक्रियागत तवरले बोलपत्र आव्हान गरी निर्माण कार्यलाई व्यवस्थित गर्नु पर्ने सुझाव राख्नु भयो।

(ङ) **श्री गीता जोशी**
आयोजना निर्माण सम्बन्धी कार्य तालिका वनाई यथाशक्य निर्माण सम्पन्न गरी लगानीकर्ताहरूलाई लाभांशको सुनिश्चितता गर्न सुझाव दिनु भयो। साथै, सञ्चालकहरूलाई पूर्णकालिन समय काममा लगाउनु भन्दा आवश्यक कर्मचारीहरूको व्यवस्था गर्न र सामाजिक सञ्जालमा भएका नकारात्मक कुराहरू तर्फ सचेत हुन सुझाव राख्नु भयो।

(च) **श्री नीर प्रसाद दाहाल**
कम्पनीका पूर्व सञ्चालकहरूले सामाजिक सञ्जालमा राख्नु भएका केहि असामञ्जश्यताहरू प्रति आफ्नो ध्यानाकर्षण भएको हुँदा त्यस तर्फ सतर्कता अपनाई कुशलतापूर्वक आयोजना निर्माण तथा व्यवस्थापन गरी लगानीकर्ताहरूको हित हुने गरी काम गर्न र चुस्त दुरुस्त किसिमको सानो आकारको सञ्चालक समिति गठन हुनु पर्ने कुरामा जोड दिंदै आफ्नो सुझाव राख्नु भयो।

(छ) **श्री तारा विक्रम शाह**
आयोजना निर्माण व्यवसायीले सस्तोमा ठेक्का ओगटी पछि काम नगरी लागत र समय बढाउन सक्ने हुनाले त्यस तर्फ सतर्क रहन सुझाव दिनु भयो।

(ज) **श्री हुम बहादुर के.सी.**
कम्पनीको आर्थिक प्रशासन विनियमावलीमा भएको व्यवस्था अनुसार सञ्चालक समितिलाई प्राप्त अधिकार प्रयोग गरी स्वदेशी निर्माण व्यवसायीहरूबाट सोझै आर्थिक तथा प्राविधिक प्रस्तावहरू लिई ती प्रस्तावहरूको मूल्यांकन प्रतिवेदनमा सिफारिस भए अनुसार न्यूनतम प्रस्तावदातासंग वार्ता समेत नगरी ती सवै प्रस्तावहरू रद्द गर्दा आयोजना निर्माण कार्यमा ढिलाई हुन गई लागत बढ्नुका साथै PPA मा निर्धारित समयावधी भित्र आयोजना निर्माण सम्पन्न हुन नसक्दा कम्पनीलाई ठूलो मात्रामा नोक्सानी हुने तर्फ आफ्नो असन्तुष्टी राख्दै आयोजना निर्माण सम्बन्धी आवश्यक कर्मचारीहरूको व्यवस्थापन गरी निःस्वार्थ तवरले कम्पनीको व्यवस्थापन गर्न सञ्चालक समितिको ध्यानाकर्षण गराउनु भयो।

(झ) **श्री हरी प्रसाद कैनी**
शेयरधनी वक्ताहरूलाई कसैप्रति व्यक्तिगत लान्छना नलगाउन अनुरोध गर्दै कम्पनी र लगानीकर्ताको हित हुने काममा लाग्न कम्पनी व्यवस्थापनलाई सुझाव दिनु भयो।

(ञ) **श्री शम्भु बस्नेत**
विगतमा जुनसुकै कारणले आयोजना निर्माण प्रारम्भ गर्न ढिलाई भएको भए तापनि हाल मुख्य सिभिल निर्माण कार्यको लागि बोलपत्र आव्हान हुनु सुखद् पक्ष भएकोले ती बोलपत्रहरूको मूल्याकन प्रक्रियालाई छिटो सम्पन्न गरी आयोजना निर्माणमा शिघ्रता दिनु पर्ने सुझाव दिनु भयो।

५. **अध्यक्ष डा. डम्बर बहादुर नेपालीबाट शेयरधनीहरूको जिज्ञासा तथा सुझावहरूका सम्बन्धमा दिइएको जवाफः**

साधारण सभामा उपस्थित शेयरधनीहरू मध्ये माथी प्रस्तुत १० जना शेयरधनीहरूले मात्र आफ्नो राय, सुझाव र धारणा राख्नु भई सो क्रम समाप्त भएको हुँदा सभाध्यक्षले उपरोक्त शेयरधनीहरूले राख्नु भएका सुझाव तथा धारणाहरूको सम्मान गर्दै जवाफ दिने क्रममा कम्पनीको हालको मुख्य उद्देश्य दरौंदी नदी जलविद्युत आयोजना छिटो छरितो तवरले निर्माण सम्पन्न गरी विद्युत उत्पादन गर्ने र लगानीकर्ताहरूलाई यथासम्भव मूनाफा वितरण गर्ने रहेकोले सो उद्देश्य प्राप्तिको लागि कम्पनीको आर्थिक प्रशासन विनियमावलीमा भएको व्यवस्था अनुरुप सञ्चालक समितिलाई प्राप्त विशेष अधिकार प्रयोग गरी योग्य, अनुभवी र क्षमतावान स्वदेशी निर्माण व्यवसायीहरू मध्येवाट प्राविधिक र आर्थिक प्रस्ताव लिई विज्ञहरूको समूहद्वारा मूल्यांकन गराई प्राप्त प्रतिवेदनमा सिफारिस भए अनुसार ठेकेदार छनौटको लागि आफू लागि परेको भए तापनि सञ्चालक समितिमा बहुमतिय पद्धतीबाट ती सबै प्रस्तावहरू रद्द गर्ने निर्णय भएको हुँदा पुनः नियमानुसार बोलपत्र सम्बन्धी प्रक्रिया थालनी गर्नु पर्दा आयोजना निर्माण शुरु गर्न केहि ढिलाई हुन गएको कुरा राख्नु भयो।

सामाजिक सञ्जालमा पूर्व सञ्चालकले राख्नु भएका कुरा वहाँको निजी धारणा भएकोले त्यसमा कुनै सत्यता नभएको र वर्तमान सञ्चालक समितिमा रहनु भएका सदस्यहरू बीच कुनै असमझदारी नभएको र आयोजनालाई सफलता पूर्वक निर्धारित समयमानै सम्पन्न गर्न सकिन्छ भन्ने कुरामा हामी एकमत भएको हुँदा शेयरधनीहरूलाई निश्चिन्त रहन आग्रह गर्नु भयो।

६. **प्रस्ताव तथा निर्णयहरूः**

शेयरधनीहरूबाट उठाइएका जिज्ञासाका सम्बन्धमा अध्यक्षबाट जवाफ दिने काम सकिएपछि कम्पनी सचिवले बिषयसूचि अनुसार प्रस्तावहरू निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो। विषयसूचि अनुसार निर्णयार्थ पेश भएका निम्न प्रस्तावहरूमा सभाबाट निम्न बमोजिम निर्णय भयो।

(१) सञ्चालक समितिको तर्फबाट कार्यकारी अध्यक्ष डा. श्री डम्बर बहादुर नेपालीले प्रस्तुत गर्नु भएको आ.ब.२०८१/८२ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासाको सम्बन्धमा जवाफ दिने काम पनि सकिएकोले सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित होस भनि सभा समक्ष कम्पनी सचिवले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतबाट पारित गर्ने निर्णय भयो।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको आर्थिक विवरण साधारण सभाको विषयसूचि संगै शेयरधनीहरूलाई उपलब्ध गराइएको र उक्त आर्थिक विवरणमाथिको छलफल पनि समाप्त भएकोले उक्त आ.व.२०८१/८२ को आर्थिक विवरण पारित गरियोस भनी कम्पनी सचिवले सभामा प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव पारित गर्ने सर्वसम्मत निर्णय भयो।

(३) गत आर्थिक वर्ष २०८१/८२ सम्मको लेखापरीक्षण गर्न नियुक्त हुनु भएका लेखापरीक्षक M/S. BSP & Associates, Chartered Accountants ले विगत ३ आर्थिक वर्षको लेखापरीक्षण गरिसक्नु भएको हुँदा चालु आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षणको लागि सञ्चालक समितिको मिति २०८३/०२/१८ मा बसेको ११४ औं बैठकबाट चार्टर्ड एकाउन्टेन्ट श्री महेश राज पाठक M/S.

नेपाली

राम सुन्दर ...
कम्पनी ...

Mahesh Pathak & Associates Chartered Accountants लाई नियुक्त गर्न र निजको पारिश्रमिक मूल्य अभिबृद्धि कर सहित रु.७०,०००/- (सत्तरी हजार) निर्धारण गर्न साधारण सभालाई सिफारिस गर्ने निर्णय भएको हुँदा सोही बमोजिम लेखापरिक्षक नियुक्त गर्न र पारिश्रमिक निर्धारण हुन साधारण सभा समक्ष कम्पनी सचिवले प्रस्ताव राख्नु भएकोले उक्त प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय भयो।

(४) **स्वतन्त्र सञ्चालक नियुक्ति सम्बन्धमा-**

कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (३) र कम्पनीको नियमावलीको नियम २९ को उपनियम (१) मा भएको व्यवस्था अनुसार एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नु पर्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (२)(ग) अनुसार शैक्षिय योग्यता र अनुभव पुगेको व्यक्तिहरू मध्येबाट कम्पनीको नियमावलीको नियम २९ को उपनियम (२) तथा सञ्चालक समितिको मिति २०८३/०२/१८ को निर्णयानुसार व्यक्तिगत विवरण माग गरी प्राप्त भएका ३ जना योग्य व्यक्तिहरूको शैक्षिक योग्यता, कम्पनीको व्यवसायसंग सम्बन्धित प्राविधिक ज्ञान, सिप र व्यवस्थापकीय, कार्यदक्षता र मिलनसारिता समेतलाई मूल्याकन गर्दै निम्नानुसार प्राथमिकता निर्धारण गरी सो मध्ये १ जनालाई नियुक्तिको लागि साधारण सभामा सिफारिस सहित प्रस्ताव गरिएको थियो।

१. श्रीमती संगिता रायमाझी थापा
२. श्री ओम बहादुर राउत
३. श्री महेश प्रसाद आचार्य

सभामा कम्पनी सचिवले उपरोक्त बमोजिमको प्रस्ताव राख्नु भए पछि सभाले श्रीमती संगिता रायमाझी थापालाई स्वतन्त्र सञ्चालकमा नियुक्ति गर्ने सर्वसम्त प्रस्ताव पारित गर्ने निर्णय भयो।

(५) **सञ्चालक समितिको निर्णयानुसार एक जना सञ्चालकलाई पूर्णकालिन समय काममा लगाए वापतको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा-**

यस कम्पनीको प्रवर्धनमा निर्माण हुने क्रममा रहेको दरौंदी नदी जलविद्युत आयोजनाको लागि प्रारम्भिक चरणमा तयार गर्नु पर्ने पूर्वाधारहरू निर्माण, आयोजनाको लागि आवश्यक जग्गाहरू उपलब्धी लगायत आयोजनाको अन्य प्राविधिक कार्यहरू सम्पादन गर्न कम्पनीमा प्रर्याप्त प्राविधिक जनशक्ति नभएकोले मिति २०८२ श्रावण १ गते देखि मिति २०८३ आषाढ मसान्त सम्मको लागि कर सहित मासिक रु.५०,०००/- का दरले उपलब्ध गराउने गरी सम्पादन गर्नु पर्ने कार्य विवरणहरू सहित सञ्चालक समितिको मिति २०८२/१२/०६ मा बसेको १११औं बैठकको निर्णयानुसार सञ्चालक श्री बलराम के.सी. र कम्पनी बीच मिति २०८२/१२/०९ मा कार्य सम्पादन सम्झौता भएको।

उक्त सम्झौतामा दोश्रो पक्षले प्रत्येक महिनामा कार्य प्रगति प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको र सो अवधी २०८३ आषाढ मसान्त सम्म रहेकोछ। त्यस पछि २०८३ श्रावण देखि प्राविधिक अधिकृत नियुक्तिको प्रक्रियामा रहेको हुँदा २०८३ आषाढ महिना सम्मको लागि भुक्तानी भएको पारिश्रमिक कम्पनी ऐन २०६३ को दफा ९१ (१) अनुसार अनुमोदनको लागि कम्पनी सचिवले प्रस्ताव राख्नु भए पछि उक्त प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय भयो।

राम सुन्दर श्रेष्ठ
कम्पनी सचिव

**विषेश प्रस्ताव:**

(१) **कम्पनीको नियमावलीमा दोश्रो संशोधन-**

१. **कम्पनीको नियमावलीको नियम २५ मा संशोधन:** नियम २५ को सट्टा देहायको नियम २५ राखिएको छ:

२५ मतदान:

(१) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम शेयरधनीले आफूले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हुनेछ।

तर, एक भन्दा बढी सञ्चालकहरूको निर्वाचन गर्नु पर्दा प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर संख्याले निर्वाचित हुने सञ्चालकको संख्यालाई गुणन गर्दा हुने संख्या वरावरको मतको हिसावले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले सवै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ।

(२) सञ्चालकहरूको निर्वाचन गर्दा जुन समूहको सञ्चालकको निर्वाचन गर्नु पर्ने हो सोही समूहको शेयरधनीले मात्र मतदान गर्न पाउनेछ।

(३) शेयर संख्या र सञ्चालकको कूल संख्याको अनुपातमा सञ्चालक नियुक्ति गर्न पाउने संगठित संस्थाले आफूले लिएको शेयरको अनुपातमा सञ्चालक नियुक्त गर्न सक्नेछ। तर, उक्त अनुपात अनुसार एकजना पनि सञ्चालक नियुक्त गर्न नसक्ने संगठित संस्थाले अन्य शेयरधनी सरह मतदान गर्न र निर्वाचनमा उम्मेदवारी दिन सक्नेछ।

२. **नियमावलीको नियम २७ मा संशोधन:** नियम २७ को उपनियम (२) र (३) को सट्टा देहायको उपनियम (२) र (३) राखिएको छ:

(२) कम्पनीमा ९ जना सञ्चालक रहेको एक सञ्चालक समिति रहनेछ।

तर कम्पनीले सर्वसाधारणमा प्राथमिक शेयर निश्कासन तथा बाँडफाँड नगरेसम्म संस्थापक समूहबाट निर्वाचित कम्तीमा एकजना महिला सहित ६ जना र १ जना स्वतन्त्र सञ्चालक रहेको सञ्चालक समिति हुनेछ।

(३) सञ्चालकहरूको कार्यकाल बढिमा चार वर्षको हुनेछ।

३. **नियमावलीको नियम ३१ मा संशोधन:** नियम ३१ को उपनियम (१), (२) र (३) को सट्टा देहायको उपनियम (१), (२) र (३) राखिएको छ:

(१) सर्वसाधारणमा शेयर जारी भए पश्चात संस्थापक शेयरधनी ('क' समूह) बाट - ५ जना।

(२) सर्वसाधारण शेयरधनी ('ख' समूह) लाई प्राथमिक शेयर निष्काशन तथा बाँडफाँड भएपछि शेयर लगानीको अनुपातमा-२ जना हुनेछ।

(३) स्वतन्त्र सञ्चालक- २ जना।

प्रस्तुत विशेष प्रस्ताव माथि छलफल हुंदा सभाबाट सञ्चालक समितिलाई सानो आकारमा कायम गर्न उपयुक्त हुने सुझाव प्राप्त भएको सन्दर्भमा सुझाव अनुसारनै सञ्चालकहरूको संख्या निर्धारण हुने गरी संशोधन गर्ने सर्वसम्मतबाट निर्णय भयो ।

राम सुन्दर [illegible]
कम्पनी सचिव

(२) **<u>सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा -</u>**

कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा (१) को (ख) बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तिय संस्थावाट ऋण लिन आवश्यक परेमा सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय भयो ।

७. **<u>सभा विसर्जनः</u>**

सातौं वार्षिक साधारण सभामा प्रस्तुत सम्पूर्ण प्रस्तावहरू उपर छलफल भई सर्वसम्मत निर्णय भएको र विविध शीर्षकमा कुनै पनि प्रस्ताव नभएको हुँदा सभाध्यक्षले सभामा सहभागी भई सभालाई सुचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनु हुने सवै शेयरधनी, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, कम्पनी रजिष्ट्रार कार्यालयका प्रतिनिधि, पत्रकार र आमन्त्रित व्यक्तिहरू तथा कम्पनी व्यवस्थापन तथा आयोजना निर्माणमा संलग्न कर्मचारीहरू सवैलाई धन्यवाद ज्ञापन गर्दै साधारणसभा दिनको २:०० बजे विसर्जन भएको घोषणा गर्नु भयो ।

माथी उल्लिखित विवरणहरू कम्पनीको सातौं वार्षिक साधारण सभामा छलफल भई पारित भएको निर्णय यथार्थ रुपमा अभिलेख गरिएको हो ।

(राम सुन्दर श्रेष्ठ)
कम्पनी सचिव

(डा. डम्बर बहादुर नेपाली)
अध्यक्ष

# मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड

बागबजार, काठमाडौ

## कम्पनीको नियमावलीमा दोश्रो संशोधन

## तीन महले विवरण

| नियम | उपनियम | साविकमा भएको व्यवस्था | सशोधन गरी कायम गर्नु पर्ने व्यवस्था | सशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| २५ | (१) | ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा वाहेक प्रत्येक शेयरधनिलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ। | कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम शेयरधनीले आफूले लिएको प्रत्येक शेयर वापत एउटा मत दिन अधिकार हुनेछ।<br>तर, एक भन्दा बढी सञ्चालकहरूको निर्वाचन गर्नु पर्दा प्रत्येक शेयरधनीहरूलाई निजले लिएको शेयर सख्याले निर्वाचन गर्नु पर्ने सञ्चालकहरूको सख्यालाई गुणन गर्दा हुने सख्या वरावरको मतको हिसावले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरधनीले सबै मत एउटै उम्मेदवारलाई वा एक भन्दा बढी उम्मेदवारलाई निजले तोके बमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ। | कम्पनी ऐन, २०६३ को दफा ७२ को उपदफा (१) मा भएको सञ्चालकको निर्वाचन गर्दा मतदान गर्ने व्यवस्था सग सादृश्यता हुने गरी सशोधन गन आवश्यक भएको। |
| | (२) | फरक मताधिकार भएका शेयरहरू जारी नगरिएको हुदा सवै शेयरधनीले प्रस्तावमा उपनियम (१) बमोजिम मतदान गर्न पाउने छन। | शेयर सख्या र सञ्चालकको कूल सख्याको अनुपातमा सञ्चालक नियुक्ति गर्न पाउने सगठित सस्थाले आफूले लिएको शेयरको अनुपातमा सञ्चालक नियुक्त गर्न सक्नेछ।<br>तर, उक्त अनुपात अनुसार एकजना पनि सञ्चालक नियुक्त गर्न नसक्ने सगठित सस्थाले अन्य शेयरधनी सरह मतदान गर्न र निर्वाचनमा उम्मेदवारी दिन सक्नेछ। | |
| | (३) | साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन। | – | |
| | (४) | सचालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन। | – | |
| | (५) | सचालक निर्वाचन गर्दा मतदान वा शेयरधनीको आपसी सहमतीमा समेत गर्न सकिनेछ। | – | |
| | (६) | सचालक समितिको निर्वाचन गर्दा जुन समूहको सचालनको निर्वाचन गर्नु पर्नेछ सोही समूहको शेयरधनीले मात्रै मतदान गर्न पाउनेछ। | सञ्चालकहरूकोनिर्वाचन गर्दा जुन समूहको सञ्चालकको निर्वाचन गर्नु पर्ने हो सोही समूहको शेयरधनीले मात्र मतदान गर्न पाउनेछ। | |
| २७ | (२) | यस कम्पनीमा ९ जनाको सञ्चालक समिति हुनेछ। | कम्पनीमा ९ जना सञ्चालक रहेको एक सञ्चालक समिति रहनेछ।<br>तर कम्पनीले सर्वसाधारणमा प्राथमिक शेयर निश्कासन तथा बाँडफाँड नगरेसम्म सस्थापक समूहबाट निर्वाचित कम्तीमा एकजना महिला सहित ६ जना र १ जना स्वतन्त्र सञ्चालक रहेको सञ्चालक समिति हुनेछ। | कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) र (३) सग कम्पनीको नियमावली बाझिएकोले सादृश्यता हुने गरी सशोधन गर्नु पर्ने। |
| २७ | (३) | सञ्चालकहरूको कार्यकाल ४ वर्षको हुनेछ। | सञ्चालकको कार्यकाल बढीमा चार वर्षको हुनेछ। | |

(राम सुन्दर श्रेष्ठ)
कम्पनी सचिव

| नियम | उपनियम | साविकमा भएको व्यवस्था | संशोधन गरी कायम गर्नु पर्ने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| ३१ | (१) | संस्थापक शेयरधनी (क) वर्गबाट ७ जना | सर्वसाधारणमा शेयर जारी भए पश्चात संस्थापक शेयरधनी ('क' समूह) बाट - ५ जना (कम्तीमा १ जना महिला सहित) | कम्पनीको प्रबन्धपत्रमा भएको शेयरपूँजिको संरचना अनुकूल हुने गरी संस्थापक शेयरधनी र सर्वसाधारण शेयरधनीहरूलाई बाँडफाँड हुने शेयर प्रतिशतको आधारमा समानुपातिक हिसावले सञ्चालकहरूको संख्या निर्धारण हुनु पर्ने भएकोले प्राथमिक शेयर जारी नभएसम्म कायम हुने गरी संशोधन गर्नु परेको। |
| | (२) | सर्वसाधारण शेयरधनी (ख) वर्गबाट १ जना | सर्वसाधारण शेयरधनी ('ख' समूह) लाई प्राथमिक शेयर निष्काशन तथा बाँडफाँड भएपछि शेयर लगानीको अनुपातमा-२ जना हुनेछ। | |
| | (३) | व्यवसायीक सञ्चालक (स्वतन्त्र) १ जना | स्वतन्त्र सञ्चालक-२ जना। | |

(राम सुन्दर श्रेष्ठ)
कम्पनी